# इच्छाकामना गाउँपालिका
## कुरिनटार, चितवन, बागमती प्रदेश

## कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०७७

इच्छाकामना गाउँपालिकाको गाउँ सभावाट  स्विकृत

# कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०७७

## प्रस्तावना

नेपालको समग्र अर्थतन्त्र र अधिकांस जनताको जिविकोपार्जन, आयआर्जन एवं रोजगारीको मूख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले वढ्दो जनसंख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन बृद्धि गर्न र आयात प्रतिस्थापन तथा निर्यात बृद्धि गर्न देशका तिनै तहका सरकार, मातहतका निकायहरु, कृषक, व्यवसायी एवं विभिन्न सहयोगी निकायहरुको क्रियासिलताले गुणस्तरिय उत्पादनमा बृद्धि हुँदै आएको छ। यस इच्छाकामना गाउँपालिकाले छरिएर रहेका अधिकांस साना कृषकहरुको उत्पादनलाई एकिकृत गरि उनिहरुलाई सहजे बजार पहुँच पुर्याउन र यसमा सम्लग्न कृषक, व्यापारी, उपभोक्ता सवै पात्रहरुलाई स्वस्थ प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्न व्यबस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले यो "कृषि उपज संकलन स्थापना एवं सञ्चालन कार्यविधि, २०७७" तयार गरि लागु गरेको छ।

## परिच्छेद – १
## प्रारंभिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

१.१. यो कार्यविधिको नाम **"कृषि उपज संकलन स्थापना एवं सञ्चालन कार्यविधि, २०७७"** रहेको छ।

१.२. यो कार्यविधि गाउँपालिकाको गाउँसभाले स्विकृत गरेको मितिवाट प्रारम्भ हुनेछ। यसलाइ कार्यपालिकाको वैठकवाट पारित गरि आसन्न साधारण सभावाट अनुमोदन गर्ने गरि पनि लागू गर्न सकिने छ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१. **"कृषि उपज संकलन केन्द्र"** वा **"संकलन केन्द्र"** भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरीद गरी वा संकलन मात्र गरी उपभोक्तालाई सोझै वा अन्य व्यापारी वा व्यवसायीक प्रतिस्ठानहरुलाई बेच बिखन गर्ने उद्देश्यले संचालित स्थल संझनु पर्छ।

२.२. **"कार्यविधि"** भन्नाले उपदफा २.१ को "कृषि उपज संकलन स्थापना एवं सञ्चालन कार्यविधि, २०७७" सम्झनु पर्छ।

२.३. **"कृषि उपज संकलन केन्द्र व्यवस्थापन समिति"** वा **"व्यवस्थापन समिति"** वा **"समिति"** भन्नाले यस कार्यविधी अनुसार गाउँपालिका स्तरमा स्थापना भएका कृषि उपज संकलन केन्द्रको व्यवस्थापन का लागि **दफा ३.१** अनुसार गठन भएको समिति पर्दछ। यसरी गठन भएको समिति गाउँपालिकामा दर्ता हुनु पर्नेछ। यदि सहकारी मार्फत स्थापना भएका संकलन केन्द्रहरु छन् भने उक्त रहकारीको संचालक समिति वा त्यस मातहत गठन भएको समिति सम्झनु पर्दछ।

२.४. **"कृषि उपज"** भन्नाले कृषि तथा पशुपालन क्षेत्रवाट उत्पादित फलफूल, तरकारी, खाधान्न तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, माछा मासु, अण्डा जस्ता ताजा तथा नाशवान वस्तु, जिवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन लगाएत समितिले तोकेको अन्य खाद्य बस्तुहरु र कृषि तथा पशुपंक्षी उत्पादन सामाग्री समेत सम्झनु पर्दछ।

२.५. **"कृषक"** भन्नाले यस बजारमा सहभागी हुने कृषकहरु सम्झनु पर्छ भने "कृषक समूह" भन्नाले ति कृषकहरुको समूह र "सहकारी" भन्नाले ति कृषकहरुको सहकारी सम्झनु पर्छ।

२.६. **"कोष"** भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान समेतलाई सम्झनु पर्दछ ।

२.७. **"कृषि शाखा"** केन्द्र भन्नले स्थानिय सरकार अर्न्तगतको कृषि तथा पशु विकास महाशाखा वा शाखा वा इकाइ सम्भनु पर्दछ ।

२.८. **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

२.९. **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

२.१०. **"सेवा शुल्क"** भन्नाले वजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

२.११. **"बजार व्यवस्थापक"** भन्नाले यस निर्देशिका बमोजिम तोकिएको वजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

२.१२. **"संझौता"** भन्नाले कृषि उपज संकलन तथा बजार सञ्चालनका लागि सहकारी वा बजार समिति र अन्य निकायहरु विच गरिने संझौता सम्झनु पर्छ ।

२.१३. **"थोक"** भन्नाले पुनः बिक्री बितरण हुने गरी पाँच किलो वा सो भन्दा वढी परिमाणलाई सम्झनु पर्दछ ।

२.१४. **"खुद्रा"** भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा खरीद बिकी गर्ने परिमाणलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## समितिको गठन, काम कर्तव्य र अधिकार

### ३. कृषि उपज संकलन केन्द्र व्यवस्थापन समितिको गठन एवं पदावधी :

३.१. कृषि उपज संकलन तथा बजार केन्द्रको संचालन एवं व्यवस्थापन गर्न गाउँपालिकाको अध्यक्ष संरक्षक रहने गरि देहाय बमोजिम "व्यवस्थापन समिति" गठन हुनेछ ।

| | | |
|---|---|---|
| संचालक समितिको अध्यक्ष गाउँपालिकाको अध्यक्ष | | अध्यक्ष |
| संकलन केन्द्रमा कारोवार गर्ने सकृय कृषकहरु मध्येवाट कम्तिमा २ जना महिला सहित ५ जना गाउँपालिकले छनौट गर्ने । | ५ जना | सदस्य |
| संकलन केन्द्रमा नियमित कारोवार गर्ने स्थानिय संकलक वा व्यपारीहरु मध्येवाट कम्तिमा १ जना महिला सहित ३ जना गाउँपालिकाले छनौट गर्ने । | ३ जना | सदस्य |
| संकलन केन्द्रको सेवाक्षेत्रभित्र सकृय रहेका कृषि सहकारी मध्येवाट १ जना गाउँपालिकाले चयन गरि पठाउने | १ जना | सदस्य |
| बजार स्थल रहेको गाउँपालिकाको वडा अध्यक्ष वा सदस्य १ जना, बजार स्थलको टोल बिकास संस्थाका सदस्य १ जना | २ जना | सदस्य |
| स्थानिय तहको कृषि शाखा प्रमुख | १ जना | सदस्य |
| संकलन केन्द्र व्यवस्थापन समितिको व्यवस्थापक वा तोकिएको कर्मचारी (निर्णय प्रक्रियामा मताधिकार नहुने) | १ जना | सदस्य-सचिव |

३.२. समिति गाउँपालिकाको समग्र कृषि विकास अवधारण अनुसार कार्यगर्ने सर्तमा गाउँपालिका मातहत दर्ता हुनु पर्दछ ।

३.३. समितिको पदावधि ३ वर्षको हुनेछ ।

३.४. अध्यक्ष चयन भएको १५ दिन भित्रमा सम्पूर्ण सदस्यहरु चयन भैसकेको हुने छ ।

३.५. सदस्यहरु चयनकोहकमा प्रतिनिधीमुलक हिसावले भूगोल र कारोवारको प्रकृति र बजारमा सहभागिहरुको आम भेला मार्फत हुने छ । यस प्रकृयालाई यथासम्भव सर्वसम्मत बनाउने प्रयास असफल भएमा प्रजातान्त्रिक तरिकाले चुनाव गराई सदस्यहरुको चयन गरिनेछ ।

३.६. कुनै सदस्यको मृत्यू वा वसाईसराई वा राजिनामा वा कारवाई वा अन्य कारणले पद रिक्त भएको अवस्थामा जुन प्रकृयाबाट पदपूर्ति भएको हो सोही प्रकृयाको आधारमा वाँकी पदावधिका लागि पदपूर्ति गरिनेछ

३.७. समितिको अध्यक्षमा एकै व्यक्ति लगातार दुई पदावधिभन्दा बढी निर्वाचित हुन सक्ने छैन तर सदस्यहरुको हमका यो नियम लागु हुने छैन ।

३.८. समितिलाई आवश्यकता अनुसार सहयोग एवं सल्लाह दिन समितिले ३ जना सदस्य रहेको एक सल्लाहकारहरु चयन गर्न सक्ने छ ।

३.९. समितिले आफ्नै श्रोतवाट व्यवस्थापक (वा सदस्य सचिव) कर्मचारी नियुक्त नभएसम्मको लागि वैकल्पिक व्यवस्था (गाउँपालिका वा वडा कार्यलयको कर्मचारी, स्थानिय स्वयं सेवक वा सदस्यहरु मध्येवाट कोही) गर्न सक्ने छ ।

३.१०. समितिको सदस्य हुनको लागि कम्तिमा २१ वर्ष उमेर पुगेको, कृषि क्षेत्रमा राम्रो ज्ञान भएको, मगज नविग्रेको, समाजिक आचरण राम्रो भएको वा कुनै आरोप प्रमाणित नभएको वा सँजाय नभोगेका, कुनै पनि किसिमका आर्थिक भ्रष्टाचारको आरोप नलागेको वा प्रमाणित नभएका, कुनै अदालतवाट कैदसजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको नेपाली नागरिक

४. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

४.१. संकलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने ।

४.२. संकलन केन्द्रको संचालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था, सेवा शर्त र सुविधा यकिन गरी गाउँपालिकावाट स्विकृतीका लागि पेश गर्ने ।

४.३. गाउँपालिका, वडा कार्यलय, कृषि शाखा, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र, लगाएत संघ तथा प्रदेश तहका सम्वन्धित मन्त्रालय, सहयोगी संस्था, दातृ निकायहरु सँगको सहयोग, समन्वय एवं सहकार्यमा बजार संचालन एवं स्तरोन्नतीका योजनाहरु तर्जुमा गरि संचालन गर्ने ।

४.४. कृषि बजारको सम्बन्धमा आवश्यक सूचनाहरु सर्वसाधारणको लागि सम्प्रेषण गर्ने ।

४.५. विभिन्न कृषि बजारहरुवाट कृषि उपजको बजार मुल्य जानकारी लिदै सम्वन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्ने ।

४.६. बजारको विकास, विस्तार एवं बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

४.७. कृषक, समुह, सहकारी, व्यापारी, उपभोक्ता लगाएत अन्य सम्बन्धित निकायलाई विभिन्न वजार सेवा, सुविधा उपलव्ध गराउने

४.८. कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने ।

४.९. वजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

४.१०. वजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने ।

४.११. समितिले बार्षिक कार्ययोजना तयार गरि सहकारी मार्फत स्वीकृत गराई सोही बजेटको परिधि भित्र रहेर खर्च गर्ने

४.१२. बजारको दिर्घकालीन विकास र विस्तार सम्बन्धी गुरु योजना तयार गरि कार्यान्वयन गर्ने ।

४.१३. गुणस्तरहीन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपज/बस्तु खरिद-बिकी गर्न नपाइने ब्यबस्था मिलाउने ।

४.१४. कृषि उपज उत्पादनका क्रममा प्रयोग हुने वा भएका विषादी वा अन्य रसायनहरुको अवशेष बजारमा ल्याईएका उपजहरुमा छ छैन भनि परिक्षण गर्न वेलावखतमा आवश्यकता अनुसार सम्वन्धित नियकायहरुमा समन्वय गर्ने र सो को नतिजाअनुसार आवश्यक कार्य गर्ने ।

४.१५. बजामा कुनै पनि प्रकारका प्रकोपजन्य रोग तथा किरा लागेका र तिनको जिवित अवशेषले अन्य क्षेत्रमा थप प्रकोप हुनसक्ने कृषि उपजहरुलाई विक्रि वितरण गर्न नपाइने व्यवस्था मिलाउने र बजारमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित विसर्जन गर्ने ।

४.१६. पशुपंक्षी जन्य उपजहरुको हकमा रोगी पशुपंक्षी एवं तिनका उत्पादनहरु विक्रि वितरण गर्न नपाइने व्यवस्था मिलाउन र बजारमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित विसर्जन गर्ने ।

४.१७. यदि पशुपंक्षी बध गरि मासु वेच्ने भएमा उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको मासु मात्र बिक्री वितरण गर्नु पर्ने ।

४.१८. प्रमाणिक नापतौल प्रणाली (Stadard Weight and Measureing System) तथा आधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नाप तौल बिपरित कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने ।

४.१९. यदि जनस्वास्थ्यका हिसावले संक्रमणकालिन स्वास्थ्य समस्या भएका वा देखिएका क्रेता वा विक्रेता बजारमा सहभागि हुन आएको जानकारी पाउने वित्तिकै नजिकको स्वास्थ्य संस्था वा सेवा प्रदायक सँग समन्वय गरि थप सहस्या हुन नदिन पहल गर्ने ।

४.२०. सर्वसाधारणको सुविधा, सर-सफाई तथा ट्राफिक व्यवस्थापन समेतको कार्यलाई दृष्टिगत गरी कृषि उपजहरुको खरिद बिक्री कार्यको लागि निश्चित समय र प्रकृया तोक्न सक्नेछ ।

४.२१. बजारमा कारोवा गर्न चाहने कृषक, समुह, सहकारी, व्यापारी वा व्यवसायीले देहायका आचरण पालन गरे नगरेको अनुगमन गरि सोको सुनिश्चितता गर्नुपर्नेछ ।

- ✓ समितिको कार्ययलमा समन्वय गरि स्पष्ट परिचय सहित दर्ता गर्नु पर्ने छ
- ✓ समितिलाई आफूले प्रयोग गरेको सुविधा बापत बुझाउनु पर्ने शुल्क समितिले तोकेबमोजिम नगद वा वैंक दाखिला गर्नु पर्ने छ ।
- ✓ समितिले बर्जित गरेका बस्तुहरु कारोवार गर्न पाइने छैन
- ✓ बजार स्थलमा सुर्तिजन्य पदार्थ, मादक पदार्थ आदि सेवन गर्न पाइने छैन
- ✓ बजारमा कारोवार गर्ने कृषक, समुह, सहकारी, व्यापारीहरुले समितिले व्यवस्था गरेको परिचय पत्र धारण गर्नु पर्ने हुन्छ
- ✓ समितिले माग गरेको जानकारी सहि तरिकाले उपलव्ध गराउनु पर्ने छ
- ✓ बजार कारोवकारको विवरण प्रत्येक दिन सम्वन्धित व्यवसायिले समितिको कार्यलयमा वा प्रतिनिधीलाई उपलब्ध गराउनु पर्ने छ
- ✓ समितिले लागू गरेका अन्य निति नियमलाई पालना गर्नु पर्ने छ ।

## ५. कृषि उपजको बजारभाउ निर्धारण, बजारिकरण एवं सुचना प्रकाशन

५.१. सम्वन्धित संकलन केन्द्रमा आउने कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्न समितिको व्यवस्थापकको सक्रियतामा ब्यापारी र कृषकहरुसँगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गरिने छ । यसरी मुल्य निर्धारण गर्दा आसपासका बजारहरुका चल्तिका दरभाउहरुलाई पनि आधार मानिने छ ।

५.२. उपदफा ५.१ अनुसार निर्धारण हुने मुल्यमा कृषि उपजको गुणस्तर अनुसार थपघट हुन सक्नेछ जसलाई स्वयं व्यापारी र कृषक वा उपभोक्ताले निर्धारण गर्न सक्नेछन् । तर पनि सोको नियमन एवं आवश्यकता अनुसारको समन्वय गर्ने छ ।

५.३. विभिन्न ठुला वजार वा खरिदकर्ता व्यापारीहरुसँग सम्वन्वय गरि सम्वन्धित संकलन केन्द्रमा आएको कृषि उपजहरुको बजारिकरणका लागि आवश्यकता अनुसार ति व्यापारीहरुसँग लिखित सम्झौता गरिने छ ।

५.४. बजारमा नियमित रुपमा कृषि उपजहरु विक्रि ल्याउने कृषक, समुह एवं सहकारीहरु एवं खरिद गर्ने व्यापारीहरुको कारोवारको तथ्यांक अध्यावधिक गर्ने । उक्त तथ्यांकको आधारमा उत्कृष्ट कृषक एवं व्यापारीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गरिने छ ।

५.५. यसरी तय गरिएको बजार भाउ सर्वसाधारणको पहुचमा हुने गरि प्रकाशन गरिने छ ।

## ६. बजार समितिको वैठक एवं सहभागिता

६.१. उपदफा ३.१ मा गठित समितिको नियमित वैठक मासिक रुपमा तोकेको मिति र समयमा समितिको कार्यलयमा नियमित रुपमा वस्ने छ । यसका अलावा आवश्यकता अनुसार कुनै पनि वेला बस्न सक्ने छ ।

६.२. समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

६.३. समिति र गाउँपालिकाको संयुक्त वैठकको हकमा गाउँपालिकाको अध्यक्षले अध्यक्षता गर्ने छ ।

६.४. समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ । कुनै पनि निर्णयहरु गर्दा गणपुरक सदस्यहरुको उपस्थिती आवश्यक पर्दछ ।

६.५. समितिको वैठक एवं निर्णय प्रक्रियाको हकमा वहुमतको निर्णय मान्य हुनेछ । यस प्रक्रियामा आमन्त्रित सदस्यहरुको मताधिकार हुने छैन ।

६.६. बैठकको निर्णय अध्यक्ष र सदस्य–सचिवले प्रमाणित गनुपर्नेछ ।

६.७. समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्ने छ ।

६.८. समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्‍याउन समितिकाकुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. समितिको कार्यालयः** समितिको कार्यालय **सम्बन्धित** कृषि उपज संकलन तथा बजार केन्द्र परिसरमा रहनेछ ।

## परिच्छेद-३
## दर्ता नविकरण एवं अनुगमन

## ८. कृषि बजार दर्ता, अनुगमन र नविकरण

८.१. सामान्यतया गाउँपालिका मार्फत स्थापना भएका संकलन केन्द्र तथा वजार केन्द्रहरु गाउँपालिकाको मातहतमा रहने यस संकलन केन्द्र आवश्यकता अनुसार गाउँपालिकामा तथा अन्य सम्वन्धित निकाय अन्तर्गत दर्ता गर्नु पर्ने छ ।

८.२. उक्त संकलन केन्द्रमा प्रयोग गरिने विल विजक एवं अन्य दस्तावेजहरु समितिको नाममा हुनु पर्ने छ ।

८.३. यदि सहकारी मार्फत संचालिट संकलन केन्द्रको हकमा संलालक स्वयं सहकारी नै हुने छ र यसको स्वामित्व एवं दायित्व दुवै सम्वन्धित सहकारीको नै हुने छ । साथै प्रयोग गरिने विल विजक एवं अन्य दस्तावेजहरु सहकारीको नाममा हुने छ ।

८.४. आवश्यकता अनुसार संकलन केन्द्रको अनुगमन  गाउँपालिका एवं सरोकारवाला निकायहरु बाट गरिने छ ।

८.५. सरकारको निति एवं निर्णयहरु परिवर्तन भएको अवस्थामा सोहि अनुसार कृषि बजार दर्ता, नियमन, अनुगमन तथा नविकरण को व्यवस्था गरिनेछ ।

## परिच्छेद-४
## समितिको आर्थिक, प्रसासनिक र अनुगमन निरीक्षण व्यबस्था

### ९. समितिको कोष,आर्थिक प्रशासन र अनुगमन निरीक्षण व्यबस्था :

९.१. समितिको एउटा छुटै कोष हुनेछ जसमा देहायका रकमहरु रहने छन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छ ।

(क) नेपाल सरकार (संघ, प्रदेश र स्थानिय) बाट समितिलाई प्राप्त रकम

(ख) सेवा सुविधाबाट प्राप्त शुल्क र रकम,

(ग) विभिन्न व्यक्ति वा संघ, संस्थावाट प्राप्त रकम,

(घ) विदेशी सरकार/अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग

(ङ) अन्य नियमित स्रोतवाट प्राप्त रकम ।

९.२. समितिको कोष समितिको नाममा नेपाल राष्ट्र बैकबाट बैकिगं कारोवार गर्न मान्यताप्राप्त वित्तिय संस्थामा खाता खोली आवश्यकता अनुसारको आर्थीक कारोवार सोहि खातामार्फत गरिने छ ।

९.३. कुनै पनि स्रोतावट प्राप्त हुने रकम समितिको सोही खातामा जम्मा गरि कारोवार गरिने छ ।

९.४. समितिको खाता संचालन समितिको अध्यक्ष र वजार व्यबस्थापक/सदस्य-सचिव को संयुक्त दस्तखतबाट हुनेछ ।

९.५. समितिले आर्थिक कार्य गर्दा/गराउँदा नेपाल सरकारको प्रचलित ऐन, कानुन वा नियमानुसार हुने छ ।

९.६. समितिको वार्षिक आय व्ययको लेखाजोखा प्रत्येक वर्षको श्रावण मसान्त सम्ममा सकिसक्नु पर्ने छ र सो को विवरण  गाउँपालिकामा पेश गर्नु पर्ने छ । सहकारी मार्फत संचालन भएका संकलन केन्द्रहरुको हकमा संकलन केन्द्रको वार्षिक आय व्यय विवरण सहकारीको मुख्य लेखा परिक्षण प्रतिवेदनमा स्पष्ट खुलाउनु पर्ने छ ।

९.७. **अनुगमन निरीक्षण समिति** देहाय बमोजिम रहनेछ ।

| | |
|---|---|
| १. | गाउँपालिकाको अध्यक्ष |
| २. | गाउँपालिकाको उपाध्यक्ष |
| ३. | प्रमुख प्रशासकीय अधिकृत |
| ४. | कृषि शाखा प्रमुख |
| ५. | सम्बन्धित वडाको वडा अध्यक्ष |

### १०. संकलन केन्द्रको खर्च व्यवस्थापन :

१०.१. समितिको प्रस्तावमा गाउँपालिकाले पारित गरेको वार्षिक कार्ययोजना अनुरुप संकलन केन्द्र नियमित संचालन गर्न आवश्यक खर्चहरु (जस्तै कर्मचारी तलव, सुविधा, भत्ता, विजुली, पानी, टेलीफोन, चियापान, मसलन्द तथा अन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने खर्च आदि खर्च गर्ने छ ।

१०.२. संकलन केन्द्रको संरचना विकास एवं विशिष्ट कार्यको लागि विनियोजित रकम सोही शिर्षकमानै खर्च गर्नु पर्नेछ ।

१०.३. सम्वन्धित संकलन केन्द्रले आर्जन गरेको खुद आय (उक्त वर्षको आम्दानीमा खर्च घटाएर रहेको रकम)को २५ प्रतिशत सम्म समिति र गाउँपालिकाको संयुक्त वैठकको निर्णय बमोजिम कारोवार गर्ने कृषक एवं व्यापारीहरुलाई उनिहरुको कारोवार योगदानको आधारमा प्रोत्साहन लाभांश प्रदान गरिने छ ।

१०.४. आर्थीक वर्षको अन्त्यमा गरिएको लेखा परिक्षण विवरण अनुसार वर्षभरिमा प्राप्त कुल मुनाफा (संचालन खर्चहरु, प्रोत्साहन रकम एवं पुरस्कार खर्च घटाए पश्चात वाँकी) को १५ प्रतिशत रकम गाउँपालिकामा राजश्व दाखिला गर्नु पर्ने छ भने कम्तीमा ५० प्रतिशत रकम सोही बजारको पूर्वाधार निर्माण/विकासमा, १५ प्रतिशत जगेडा कोषमा र वाँकी २० प्रतिशत रकम अर्को वर्षको नियमित संचालनकार्यमा खर्च गर्न सक्ने गरि विभिन्न कोषमा छुट्उनु पर्ने छ ।

**११. कर्मचारी सम्वन्धी व्यवस्था :**

११.१. संकलन केन्द्रको नियमित संचालन तथा व्यवस्थापन गर्न आवश्यक पर्ने कर्मचारीको व्यवस्था समितिको सिफारिसमा गाउँपालिकाको सहमतिमा आवश्यकता अनुसार दरबन्दी स्विकृती, नियुक्ती, बढुवा वा अवकासको व्यवस्था गर्नु पर्ने छ ।

११.२. कर्मचारीहरुको परिचालन र आर्थिक लगायतका सेवा सम्बन्धी सुविधाहरुको पूर्ण दायित्व समितिको नै रहने छ ।

११.३. संकलन केन्द्र व्यवस्थापकले यस कार्यविधि अनुरुप बार्षिक, अल्पकालिन तथा दीर्घकालीन योजना तथा कार्यक्रमहरु तर्जुमा गरी समिति मार्फत र आवश्यकता अनुसार गाउँपालिकाको सहमति तथा स्विकृत गराई कार्यान्वयन गराउन मूख्य भुमिका खेल्नु पर्ने छ ।

११.४. संकलन केन्द्र संचालन सम्वन्धि अन्य आवश्यक कार्यसम्पादन गर्ने गराउने जिम्मेवारी व्यवस्थापकका हुने छ ।

११.५. समितिको वैठक, निर्णय, दस्तावेजिकरण आदिमा समितिको सदस्य सचिवको हैसियतले व्यवस्थापकले भूमिका निर्वाह गर्नु पर्ने छ ।

## परिच्छेद– ६
## संकलन केन्द्रमा स्थल तथा स्टल प्रयोग सम्बन्धी व्यवस्था

**१२. स्थल तथा स्टलको उपयोग :**

१२.१. संकलन केन्द्रमा उपलब्ध स्थल वा स्टलको उपयोग, नयाँ संरचना निर्माण र सोको व्यवस्थापन एवं सदुपयोगको जिम्मेवारी समितिमा निहित रहने छ जसलाई यस समितिको वार्षिक एवं दिर्घकालिन योजना अनुसार प्रयोग गरिने छ ।

१२.२. संकलन केन्द्रमा स्थल तथा उपलब्ध स्टलहरु लाई उक्त संकलन केन्द्रको सेवा क्षेत्रका कृषक, समुह, सहकारी, व्यापारी एवं उपभोक्ताहरुले उपयोग गर्न सक्ने छन् ।

१२.३. संकलन केन्द्र स्थल तथा स्टल उपयोग गरेवापत समितिले निर्धारण गरेको सेवा शुल्कहरु तिर्नु पर्ने छ । देहाय अनुसारका एक वा एक भन्दा वढि प्रकारका सेवा शुल्कहरुको व्यवस्था हुने छ ।

| बजार सेवा शुल्क | कृषक (व्यक्तिगत) | समुह, सहकारी | खुद्रा क्रेता व्यापारी | थोक व्यापारी | अन्य क्षेत्रवाट आएका विक्रेता व्यापारी |
|---|---|---|---|---|---|
| दर्ता शुल्क (एक पटक) | रु. १०० | रु. १०० | रु. १०० | रु. १०० | रु. १०० |
| प्रवेश शुल्क दैनिक | रु. ५ | रु. १० | रु. ५० | रु. ५० | रु. १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रवेश शुल्क मासिक | रु. १०० | रु. २०० | | | |
| बजार सेवा शुल्क (तौल मेसिन वा क्रेट वा अन्य बजार समाग्री आदी) | कारोवारको २ प्रतिशत | कारोवारको २ प्रतिशत | | | |
| विल विजक प्रयोग | कारोवारको ५ प्रतिशत | कारोवारको ५ प्रतिशत | कारोवारको ५ प्रतिशत | कारोवारको १० प्रतिशत | कारोवारको १० प्रतिशत |

**नोटः** समितिले आमन्त्रण गरेका बजार पात्रहरुलाई आमन्त्रण गरेको समयमा कुनै शुल्क लाग्ने छैन

१२.४. संकलन केन्द्रमा विशेष स्टल वा स्थान उपलव्ध भएमा र कोही व्यक्ति वा संस्था वा निकायलाई भाडामा दिई कारोवार संचालन गर्नु पर्ने अवस्थामा समिति वैठकवाट न्यूनता भाडा वा सेवा शुल्क निर्धारण गरिने छ र प्रतिस्पर्धाको आधारमा उक्त स्थान वा स्टल वा संरचना प्रयोग गर्न दिइने छ ।

१२.५. विशेष स्टल वा स्थलहरु गाउँपालिका भित्रका कृषि समुह वा सहकारीले प्रयोग गर्ने भएमा निर्धारण गरिएको शुल्कमा २५ प्रतिशत सहुलिएत हुने छ ।

१२.६. यस्ता सेवा शुल्कहरु वार्षिक रुपमा विभिन्न प्रकारका कारोवारगर्ने प्रतिनिधी पात्रहरुसँगको छलफलका आधारमा अध्यावधिक गरिने छ ।

१२.७. विशेष स्थल वा स्टल सम्बन्धी सम्झौताको दौरानमा नै निर्धारण गरिएको वार्षिक शुल्कको २५ प्रतिशत रकम धरौटी राख्नु पर्ने छ र नियमित रुपमा प्रत्येक महिनाको पहिलो हप्तामा अग्रिम भुक्तानि गरिसक्नु पर्ने छ ।

## परिच्छेद– ७
## विविध

### १३. निलम्वन एवं समिति भंगः

१३.१. समिति अध्यक्ष वा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई कसुरको आधारमा समितिले निजलाई तीन महिनासम्म वा सधैंको लागि र समितले नै देहायको कसूर गरेमा गाउँपालिकाले निलम्वनमा राख्न सक्ने छ ।

- ✓ आर्थिक अनियमितता गरेमा,
- ✓ पदिय अख्तियारको दुरुपयोग गरेमा,
- ✓ बजारको सुसञ्चालनलाई दखल पुग्ने कार्य गरेमा
- ✓ समितिमा रहेका पदाधिकारी निस्कृय रही तोकिएको कार्य गर्न नसकेमा,
- ✓ समितिलाई दिएको निर्देशन पालना नगरेमा,
- ✓ गाउँपालिका र समितिको हित विपरित हुने कार्य गरेमा ।
- ✓ शान्ति सुरक्षामा खलल गर्ने कार्य गरेको ।

१३.२. समिति अध्यक्ष का सदस्य निलम्वनमा परेको अवस्थामा अवस्था हेरिकन एक पटकको लागि सफाइको मौका दिइने छ ।

१३.३. समिति भंग भएको र नयाँ समिति गठन नभैसकेको अवस्थामा गाउँपालिकाले उपयुक्त वैकल्पिक व्यवस्था गर्नसक्नेछ ।

**१४.** **कार्यविधि संशोधनः** गाउँपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

**१५.** **य**स कार्यविधिमा उल्लेख नगरेका विषयवस्तुहरु गाउँपालिकाको प्रचलित कानुन तथा अभ्यास बमोजिम हुने छ ।